"सुशासन र पारदर्शिता,
सुखी नौमूलेबासी, हाम्रो प्रतिवद्धता"

# गाउँ कार्यपालिकाका अध्यक्ष श्री छविराम सुवेदीज्यूले नौमूले गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्नु भएको

# नौमूले गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

## नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## नौमूले, दैलेख
## कर्णाली प्रदेश, नेपाल

**मितिः २०८२ असार ८**

# नीति तथा कार्यक्रम

**आदरणीय सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू,**

यस नौमूले गाउँपालिकाको सम्मानीत गाउँसभाको सोह्रौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु । राष्ट्र र जनताको सुन्दर संसारको सपनाका खातीर जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्वान्जली व्यक्त गर्दछु । साथै जनयुद्ध, जनआन्दोलन लगायतका आन्दोलनका क्रममा भएका घाईते, अपाङ्गता, अशक्त योद्धाहरुको सिघ्र स्वास्थ्य लाभ र सहज जीवनको कामना गर्दछु ।

अब म यस नौमूले गाउँपालिका, स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अनुरुप स्थापित नौमूले गाउँपालिका स्थानीय सरकारको नीति तथा कार्यक्रममा संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्वान्त, नीतिहरु तथा दायित्व, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार संचालन ऐन, नौमूले गाउँपालिका सरकारको चुनावी घोषणापत्र र प्रतिवद्धताहरु, सोह्रौं आवधिक योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, नौमूले गाउँपालिकाको प्रथम आवधिक योजना, गत आर्थिक वर्षको नीति तथा कार्यक्रमको समिक्षा, विभिन्न राजनीतिक दल, विषयगत शाखाहरु, नागरिक समाज र सरोकारवाला निकायहरुबाट प्राप्त राय सुझावहरु समेटी नेपाल सरकारको **"समृद्ध नेपाल, सुखी नेपाली"**को दीर्घकालिन सोचका साथै **"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी, हाम्रो प्रतिवद्धता"** भन्ने मूल नारालाई आत्मसात गरी आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम देहाय बमोजिम पेश गर्दछु ।

## क) संस्थागत विकास र सुशासन नीतिः

१. नौमूले गाउँपालिकाको "सुशासन र पादर्शिता, सुखी नौमूलेबासी, हाम्रो प्रतिवद्धता" भन्ने मूल नारालाई आत्साथ गरी यस गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी, चुस्त र दुरुस्त बनाइनेछ ।

२. पालिकामा सुशासन कायम गर्नका निमित्त संस्थागत क्षमता विकास, कर्मचारीको क्षमता अभिवृद्धि र कार्यशैली/कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको नीति लिइनेछ, जनप्रतिनिधिको क्षमता वृद्धिको लागि कार्यक्रम संचालन हुनेछ ।

३. कार्यालय र अन्तर्गतका कार्यालयहरुमा रहेका कर्मचारीहरुलाई ई-हाजिरी प्रणालीमा आवद्ध गराई सेवा प्रवाह प्रभावकारी बनाइने छ ।

४. प्राथमिकताका आधारमा कार्यालयबाट प्रदान गरिने विविध सेवाहरु (स्वास्थ्य सेवा, पशु सेवा, कृषि सेवा)को प्रवर्द्धन हुने गरी घुम्ती शिविर संचालन गरिनेछ ।

५. प्रत्येक वडामा मेलमिलाप केन्द्रहरु गठन गरी तालिम प्राप्त मेलमिलापकर्ताबाट न्यायीक कार्य सम्पादनमा शिघ्रता ल्याइने छ ।

६. पालिकाको प्रशासनीक भवन निर्माण कार्यका लागि जग्गा प्राप्ती, अन्य प्रक्रिया र निर्माण कार्यलाई अघि बढाइने छ । निर्माणाधिन नौमूले आधारभूत १५ शैया अस्पताल भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।

७. गाउँपालिकामा उपलब्ध जनशक्तिलाई योग्यता, क्षमता, दक्षता र सेवा प्रकृतिका आधारमा Right man in right place को आधारमा जिम्मेवारी तोकिने छ ।

८. स्थानीय सेवामा कार्यरत कर्मचारीहरुले गरेको कार्य सम्पादन र नतिजाका आधारमा स्थानीय सेवा पुरुस्कार तथा सम्मानको व्यवस्था गरिने छ ।

९. लामो समयदेखि अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुलाई कर्मचारी कल्याण कोषको व्यवस्था गरी सामाजिक सुरक्षाको व्यवस्था मिलाईनेछ ।

१०. पालिकामा एक आइडिया (IDEA) बैंक स्थापना गरिनेछ ।

११. फजुल चालु खर्च नियन्त्रण गरी पुँजीगत खर्चको सीमालाई बढाइनेछ ।

## ख) राजश्व सम्बन्धी नीतिः

१२. कर प्रणाली व्यवस्थित, करका दरहरुमा सुधार तथा करको दायरा फराकिलो पारी गाउँपालिकालाई स्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक रणनीतिहरु अंगिकार गर्दै प्रगतिशिल कर प्रणाली लागु गरिनेछ । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप करका क्षेत्रहरुको पहिचान गरी राजश्वमा वृद्धि गरी आत्मनिर्भर उन्मुख अर्थ नीति लिईएको छ ।

१३. आन्तरिक आयलाई वृद्धि हुने गरी करको दायरा वृद्धि गरिनेछ । विषेशतः नदीजन्य पदार्थ, जडीबुटी, जलविद्युत, वन पैदावारलाई राजश्वको दायरामा ल्याइनेछ ।

१४. गाउँपालिकाको वेरुजु न्यूनीकरण अभियानलाई तिव्रता दिइनेछ ।

## ग) कृषि खाद्य तथा पशुपन्छी विकास नीतिः

१५. नौमूले गाउँपालिका भित्र रहेका कृषियोग्य बाँझो जग्गाहरुको लगत राखि तिनिहरुको उपयोग गर्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१६. कृषि तथा पशुपंक्षीपालन पेशालाई व्यवस्थित एवम् आधुनिकिकरण गर्दै लगिनेछ । यसको लागि बीउ, मल तथा किट्नाशक औषधी सहित कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।

१७. कृषि तथा पशुपंक्षीपालनतर्फ उच्च उत्पादन गरी योगदान गर्ने कृषकहरुलाई सम्मानको व्यवस्था मिलाइनेछ ।

१८. स्थानीय कृषिजन्य उत्पादन विक्रि वितरण एवम् प्रदर्शनीका लागि हाटबजार प्रवर्द्धन गरिनेछ ।

१९. कृषि एवम् पशु बीमा कार्यक्रम अगाडी बढाइनेछ ।

२०. "कृषिमा अनुदान होइन, सहुलियत" भन्ने नीति लिइनेछ ।

२१. कृषकको उत्पादनलाई संकलन केन्द्रसम्म पुऱ्याउने आवश्यक व्यवस्था गरिनेछ र यसका लागि थप संभाव्यता अध्ययन गरिनेछ । लोहोरे खोला लगायतका जल प्रवाह क्षेत्रबाट सिंचाई पुग्ने कृषियोग्य भूमीहरुमा उचित सिंचाईको व्यवस्था गरिनेछ ।

२२. पालिकाले बहुउद्देश्यीय नर्सरीलाई सिकाई केन्द्रका रुपमा विकास गर्दै लगिने छ ।

२३. खेतीलाई व्यवसायिकरण र व्यवसायिक पशुपालनको लागि बाँझो जमिन र सामुदायिक वनहरुमा घाँस खेती गर्ने नीति लिइएको छ ।

२४. "एक वडा, एक उत्पादन"लाई जोड दिइनेछ ।

२५. बाहिरबाट आयात हुने कमसल गुणस्तरको मदिराको आयातलाई निरुत्साहित गरी स्थानीय मदिराको व्यवसायिक प्रवर्द्धनमा पहल गरिनेछ ।

२६. नेपाल सरकारले गाँजा खेतीको सम्भाव्यता अध्ययनलाई नीतिमा राख्ने अनुरुप नौमूले गाउँपालिकामा पनि यसको उत्पादन क्षेत्र पहिचान गरिनेछ ।

२७. अल्लो, खोटो, ओखर, निगालोका चोया लगायतका जडीबुटी तथा वस्तुहरुको उत्पादन र निकासी गर्न आवश्यक बजार खोजी तथा प्रवर्द्धन गरी निर्यात बढाउने नीति लिइनेछ ।

२८. रैथाने बालीहरुको संरक्षण तथा प्रवर्द्धन गरी उत्पादनमा वृद्धि गर्दै उत्पादित वस्तुरुको प्याकेजिङ, ब्राण्डिङ गरी विक्रि वितरणका लागि वातावरण सिर्जना गरिनेछ ।

२९. रेविज रोगको न्यूनीकरण हुने गरी कुकुरको बन्ध्याकरण, खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. घुम्ती पशु सेवा शिविर कार्यक्रम संचालन गरी कृषकको घरदैलोसम्म सेवा प्रदान गरिनेछ ।

३१. कृषि उत्पादकत्व बढी भएका खेती योग्य जमिनहरुमा सिंचाई सुविधा पुर्याउन नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३२. पालिकाबाट पशुपन्छी, जडिबुटी निर्यात गर्दा अनिवार्य रुपमा दस्तुर जम्मा गरी अनुमती लिनु पर्ने नीति अवलम्बन गरिनेछ ।

## घ) शिक्षा नीतिः

३३. एक प्राविधिक शिक्षालय तथा स्नातक क्याम्पस स्थापनाका लागि पहल गरिनेछ । नमुनाका रुपमा कार्य सम्पादन गर्ने शिक्षकहरुलाई सम्मान गर्ने व्यवस्था मिलाई शिक्षण पेशालाई सम्मानीत र मर्यादित बनाउन आवश्यक पहल गरिनेछ ।

३४. विद्यार्थीको क्षमता अभिवृद्धि गर्न अन्तर विद्यालय अतिरिक्त क्रियाकलापहरुको आयोजना गरिनेछ ।

३५. विपन्न, जेहेन्दार विद्यार्थीलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्नका निमित्त छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

३६. अभिभावक शिक्षा कार्यक्रम सुरुवात गरिनेछ ।

३७. प्रचलित कानूनी दायरामा रही विद्यार्थी संख्या अति न्यून हुने विद्यालयहरुमा कक्षा मिलान एवम् एक आपसमा गाभ्ने नीति अवलम्बन गरिनेछ । कम्तीमा २ वटा सामुदायिक विद्यालयहरुलाई २ वर्ष भित्रमा नमुना विद्यालयका रुपमा विकास गर्ने लक्ष्य लिइएको छ । अन्तर्राष्ट्रिय भाषाको रुपमा रहेको अंग्रेजी भाषाको कारणले उच्च शिक्षा अध्ययनका क्रममा हुने कठिनाई घटाउन तथा विश्व बजारको प्रतिस्पर्धामा उत्रिन सक्ने जनशक्ति तयार पार्ने हेतुले सामुदायिक विद्यालयहरुबाट क्रमशः अंग्रेजी भाषाको माध्यमबाट समेत पठनपाठन गर्ने लक्ष्य लिइएको छ । कक्षा ११ र १२ का विद्यार्थीहरुमाझ पालिकाको एक विद्यालयमा नमुनाका रुपमा पढ्दै कमाउँदै कार्यक्रम लागु गरिनेछ । कमाउँदै पढ्दै कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा भएको विद्यालय छनौट गरिनेछ ।

३८. नौमूलेबासीको सरकारीसेवामा आकर्षण र पहुँच बढाउन लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा संचालन गरिनेछ ।

३९. SEE नतिजा सुधारका लागि अंग्रेजी, गणित र विज्ञान विषयको कम्तीमा दुई महिना अतिरिक्त कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

४०. "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारालाई हृदयंगम गरी विभिन्न खेलकुद कार्यक्रमहरुलाई प्रवर्द्धन गरिनेछ । बालबालिकाहरुलाई आत्मरक्षाका निमित्त खेलकुद कार्यक्रमको लागि पहल गरिनेछ ।

४१. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र शिक्षकका बालबालिकाहरुलाई अनिवार्य रुपमा सरकारी विद्यालयहरुमा भर्ना गर्नुपर्ने नीति लिइनेछ ।

## ङ) स्वास्थ्य नीतिः

४२. जनतालाई सहज, सुलभ र सम्भव भएसम्म प्रभावकारी ढंगले स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य संस्थामा प्रयाप्त औषधी, उपकरण र उचित जनशक्तिको व्यवस्था गरिनेछ । आम नागरिकको स्वास्थ्य सेवालाई प्रत्याभूत गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई संचालनमा ल्याइनेछ । नागरिकको स्वास्थ्यप्रतिको संवेदनशिलता मनन् गर्दै डाक्टर सहितको घुम्ती स्वास्थ्य सेवालाई अघि बढाइने छ ।

४३. स्वास्थ्य नीति तर्जुमा गरी हालसालै सुरु गरिएको मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई समुदाय र विद्यालयस्तरमा प्रभावकारी रुपमा संचालन गरिनेछ । लागु औषध दुर्व्यसन तथा कुलतबाट जोगाउने किसिमका गतिविधिहरुमार्फत स्वस्थ, सभ्य र समुन्नत समाज निर्माणमा पहल गरिनेछ ।

४४. स्थानीय जडीबुटीमा आधारित उपचारलाई प्रभावकारी बनाउन आयुर्वेद औषधालयको सेवालाई प्रभावकारी बनाई समुदायस्तरसम्म पुऱ्याईने छ ।

४५. स्वास्थ्य र शिक्षामा स्वयमसेवक सेवा संचालन गरिनेछ । विद्यमान आर्थिक मन्दीलाई मध्यनजर गर्दै विकास निर्माण र उत्पादनको क्षेत्रमा श्रम बैंक स्थापना गरी श्रमदान अभियान संचालन गरिनेछ ।

४६. संघीय कानूनमा उल्लेख भए बमोजिम निको नहुने रोगहरु जस्तैः क्यान्सर, मृगौला रोग, मेरुदण्ड पक्षघात जस्ता रोगबाट ग्रसित बिरामीहरुलाई जीविकोपार्जन भत्ता उपलब्ध गराइने छ ।

४७. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिनेछ । स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमसेविकाका लागि तालिम सुपरिवेक्षणको व्यवस्था गर्ने नीति लिइनेछ ।

४८. मनोसामाजिक सहयोग र मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था तथा नीजि क्षेत्रसँगको बहुपक्षिय र बहुक्षेत्रीय समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

४९. महिला स्वास्थ्य स्वयमसेविकालाई मनोबल उच्च राख्न प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५०. वडाहरुलाई क्रमशः पोषणमैत्री वडा घोषणा गर्दै लगिने छ ।

## च) खानेपानी तथा सरसफाई नीतिः

५१. गाउँपालिकाको समग्र खानेपानी तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता, विश्लेषण तथा योजना निर्माणका लागि NWASH गुरु योजना अद्यावधिक गर्दै लगिनेछ ।

५२. खानेपानी आयोजनाका छरिएर रहेका उपभोक्ता समितिलाई एकिकृत गरी मिलान गर्दै एक वडा एक उपभोक्ता समितिमार्फत खानेपानी आयोजना संचालन गर्ने गरी प्रोत्साहन गरिनेछ ।

५३. गाउँपालिकामा "एक घर एक धारा" नीतिमार्फत स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईयुक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५४. खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन गर्नका लागि नौमूले गाउँपालिका र सबैका लागि दिगो खानेपानी तथा सरसफाई परियोजना (SUSWA)को लागत साझेदारीमा खानेपानी योजना निर्माण र पुराना आयोजनाहरुको मर्मत सम्भारका साथै बालमैत्री, अपाङ्गतामैत्री शौचालय लगायतका संरचना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उक्त कार्यका लागि नौमूले गाउँपालिका र बहुक्षेत्रीय पोषण योजना (MSNP), स्वच्छता आयोजना लगायतका अन्य साझेदारी संस्थाहरुसँग लागत सहभागिता विभिन्न आयोजनाहरु संचालन गरिनेछ ।

५५. नेपाल सरकारको नीति बमोजिम यस नौमूले गाउँपालिकालाई वि.सं. २०८३ असार मसान्तसम्म पूर्ण सरसफाई उन्मुख पालिका घोषणा गर्ने कार्यलाई प्रथामिकतामा राखिनेछ । साथै पूर्ण सरसफाई उन्मुख क्रियाकलाप संचालनका लागि विभिन्न साझेदारी संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

५६. ग्रामिण सेवा सहायता केन्द्रको दिगोपनाको लागि आवश्यक कार्य गरिनेछ र उक्त केन्द्रमार्फत पालिका भित्र रहेका खानेपानी तथा सरसफाई योजनाहरुको मर्मत सम्भारको कार्य गरिनेछ । उक्त कार्यको लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

५७. खानेपानीका मुहानहरुको संरक्षण, धारा, कुवा, पधेंरा आदिको मर्मत सम्भार र संरक्षण गर्ने नीति लिइनेछ ।

## छ) सामाजिक समावेशीकरण नीतिः

५८. नौमूले गाउँपालिका भित्रका ७० वर्ष माथिका नागरिक, "क" वर्गका अपाङ्गता भएका बिरामी, दलित तथा विपन्न नागरिकको उपचारका लागि गाउँपालिका बाहिर नजिकको

उपचार केन्द्रमा प्रेषण गर्नुपर्ने अवस्था भएमा तथा गर्भवती महिलाहरुलाई सुत्केरी सेवा लिनका लागि स्वास्थ्य संस्थाले प्रेषण गरेमा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

५९. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिला सहभागिता वृद्धि गर्ने, सीप प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरुमा विषेश जोड दिइनेछ । घरेलु हिंसा अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । महिलाहरुको क्षमता अभिवृद्धिका निमित्त सीपमूलक तालिम संचालन गरिनेछ ।

६०. बालविवाह न्यूनीकरण गर्नका लागि नवदम्पती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

६१. विपन्न नागरिक, एकल महिला, दलित, किशोर किशोरीलाई निःशुल्क कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

६२. जनआन्दोलनबाट शहिद, घाईते, अपाङ्गता भएका परिवारलाई उचित सम्मान गरिनेछ ।

६३. ऐतिहासिक पुरातात्विक महत्व एवम् प्राकृतिक सम्पदाहरु तथा आदिवासी जनजातीहरुको भाषा, कला, संस्कृति संरक्षण, सम्वर्द्धन गरिनेछ ।

६४. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल, सहज र Digitalization गरि बैंकसँगको सहकार्यमा वडा कार्यालयबाट भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६५. अपाङ्गता भएका बालबालिकाहरुको तथ्यांक संकलन गरी औषधी उपचारका लागि साझेदार संघ/संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

६६. जेष्ठ नागरिकको सम्मान स्वरुप धार्मिक अवलोकन भ्रमण गराइनेछ ।

६७. बालविवाहको न्यूनीकरणका साथै बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न विभिन्न अभियान संचालन गरिनेछ ।

६८. लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी विद्यमान कानूनी व्यवस्था, अवसरहरुको विषयमा सचेतनामूलक कार्यक्रम संचालन गरिनुका साथै विभिन्न दिवसीय कार्यक्रमहरु संचालन गरिनेछ ।

६९. टोल विकास संस्थालाई पालिकामा दर्ता गरी सक्रिय बनाउने नीति लिइनेछ ।

## ज) विकासका पूर्वाधार सम्बन्धी नीतिः

७०. नौमूले गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकाको भौगोलिक अध्ययन गरी जोखिमपूर्ण तथा विकट भूगोलमा छरिएर रहेका बस्तीलाई सुरक्षित स्थानमा स्नानन्तरण गर्न संघीय सरकार तथा प्रदेश सरकार एवम् दातृ निकायको समन्वय र साझेदारीमा एकिकृत बस्ती विकासको लागि कम्तीमा अध्ययन कार्य प्रारम्भ गरिनेछ । नौमूले बजारको विस्तार एवम् प्रवर्द्धन गर्न विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ ।

७१. दैलेख सदरमुकामदेखि नौमूलेसम्मको सडक यथासक्य चाँडो कालोपत्रे गरी सक्ने गरी आवश्यक पहल गरिनेछ ।

७२. नौमूले बजारदेखि सबै वडामुकामसम्मको मोटरबाटो स्तरोन्नती र अति आवश्यकीय स्थानमा मोटरेबल पुल निर्माण कार्यलाई पहिलो प्राथमिकता दिइनेछ । नौमूले बजारदेखि विभिन्न स्थानका सडक संजालहरु र विषेशतः चक्रपथ प्रकृतिका सडकहरु भौगोलिक रुपमा उपर्युक्त र आर्थिक रुपमा संभाव्यता समेतका आधारमा विकास र विस्तार गर्दै लगिनेछ भने अन्तर पालिका तथा अन्तर जिल्ला जोड्ने सडकहरुलाई निरन्तरता दिइनेछ ।

७३. संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानलाई मितव्ययी ढंगबाट प्रयोग गरिनेछ । उत्पादनमूखी तथा छोटो समयमा प्रतिफल प्राप्त हुने खालका आयोजनाहरुको छनौट एवम् कार्यान्वयन गरिनेछ । साथै ठुलो योजना र दिगो विकासलाई जोड दिइनेछ । शसर्त अनुदानको प्रभावकारी कार्यान्वयनमार्फत अपेक्षित उद्देश्य हासिल गर्ने नीति लिइनेछ ।

७४. आगामी दुई वर्ष भित्रमा विद्युतिकरणलाई गाउँबस्तीसम्म विस्तार गरी सक्ने लक्ष्य लिइएको छ । नीजि क्षेत्र लगायत सबै क्षेत्रबाट निर्माण भएका र हुने विद्युत गृह, उद्योग कलकारखाना आदिबाट प्रत्यक्ष प्रभावित स्थानीय जनताका लागि लाभ प्राप्त हुने गरी पहल गरिनेछ ।

७५. संचार र इन्टरनेटको पहुँच नपुगेका वडाहरुमा संचारको पहुँच विस्तारका लागि नेपाल टेलिकम र अन्य सेवा प्रदायक निकायसँग आवश्यक पहल गरिनेछ । नेपाल टेलिकमको इन्टरनेट सेवा पहुँच र विस्तारका लागि Fiber तार विस्तार गरिनेछ र

गाउँपालिकाको कार्यालय र अन्तर्गतका सार्वजनिक कार्यालयहरुमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोग गरिनेछ ।

७६. पर्यटकीय क्षेत्रहरुको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने, होम स्टे संचालन गर्ने र गाउँपालिकाको अर्थतन्त्र बलियो बनाउने नीति लिइनेछ ।

७७. पालिकाको आन्तरिक स्रोत बढाउने गरी पालिकाका हरेक पूर्वाधार निर्माण, मर्मत सम्भार र स्तरोरन्नती कार्यलाई यथाशिघ्र र प्रभावकारी रुपमा संचालन गर्न पालिकाले आफ्नै हेभी सवारी साधन (डोजर) मार्फत संचालन गरिनेछ ।

७८. ठुला आयोजनाहरुको निर्माण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE, EIA) र विस्तृत अध्ययन प्रतिवेदन (DPR) अनिवार्य रुपमा तयार गरेर मात्र निर्माण गरिनेछ ।

७९. नौमूले बजार सडकको स्तरोन्नती हुने गरी कालोपत्रे गर्नको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

८०. सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी, वातावरणमैत्री र अपाङ्गतामैत्री आवास तथा भवन निर्माण गर्न बस्ती विकास तथा भवन सम्बन्धी मापदण्ड भवन संहिताहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८१. पालिकामा निर्माण भएका जलविद्युत आयोजनाहरुलाई निश्चित दस्तुर लिई दर्ता गराई प्राप्त हुने रोयल्टी वापतको रकमका लागि पहल गरिनेछ ।

## झ) वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

८२. वन क्षेत्रको उचित संरक्षण गर्न वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ ।

८३. अल्लो, लोक्ता, भोजपत्र, अलैंची, चुके, पखानवेद, सुनकाउली, च्याउ लगायतका स्थानीय कच्चा पदार्थ संकलन तथा प्रशोधन कार्यलाई प्रोत्साहन गरिनेछ ।

८४. नौमूले गाउँपालिका क्षेत्र भित्र रहेका जलवायुजन्य प्रकोपबाट जोखिम क्षेत्रहरुको पहिचान गरी बाढी पहिरो नियन्त्रणको लागि जोखिमयुक्त ठाउँमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । त्यसै गरी बाढी पहिरोबाट हुने भू-क्षय नियन्त्रण गर्न र जोखिमयुक्त बस्तीमा

नदीनाला नियन्त्रणको लागि आवश्यक तटबन्ध निर्माण कार्यलाई प्रथामिकता दिइनेछ । साथै जलवायु अनुकुलन क्रियाकलाप संचालन गरिनेछ ।

८५. जलवायु परिवर्तन अनुकुल योजनाहरु संचालन हुने गरी विकास निर्माणको क्षेत्रमा काम गर्ने संघ/संस्था र नीजी क्षेत्रसँग समन्वय र सहकार्य गरी जलवायुमैत्री क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ ।

८६. विपद् व्यवस्थापन कोषको प्रभावकारी कार्यान्वयन हुने गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

८७. विपद्मा परेका घर, परिवार तथा व्यक्तिलाई विपद् सम्बन्धी कार्यविधि अनुरुप यथासिघ्र आर्थिक सहायता तथा राहत उपलब्ध गराइनेछ ।

८८. फोहोरमैला स्थानान्तरण केन्द्रको व्यवस्थापन गरी नौमूले बजारमा रहेको फोहोरमैला व्यवस्थापनको समस्यालाई समाधान गरिनेछ ।

## ञ) विविधः

८९. कागज उद्योग र अल्लोमा आधारित कपडा बनाई संचालनलाई प्रथामिकता दिइनेछ । पीउने पानी उद्योग एवम् क्रसर उद्योग संचालन गर्ने पहल गरिनेछ ।

९०. पालिका अन्तर्गत रहेका व्यवसायीक तालिम प्राप्त व्यक्तिहरुको सीप परीक्षणको व्यवस्था मिलाइनेछ ।

९१. नेपाल सरकारले गाँजा खेतीको सम्भाव्यता अध्ययनलाई नीतिमा राख्ने अनुरुप नौमूले गाउँपालिकामा पनि यसको उत्पादन क्षेत्र पहिचान गरिनेछ ।

९२. COPOMIS प्रणालीमा दर्ता भएका सहकारीहरुलाई डेरी उद्योग संचालन जस्तै उत्पादनजन्य गतिविधिमा जोड्न प्रेरित गरिनेछ ।

९३. सबै NGO/INGO एकद्वार प्रणालीमार्फत गाउँपालिकाले तय गरेको नीति बमोजिम संचालन हुने रणनीति लिइनेछ ।

९४. जुवातास खेल्ने, मदिरा सेवन गरी सामाजिक सद्भाव विथोल्ने तथा आचारण/मर्यादा उल्लघंन गर्ने जनप्रतिनिधि, सरकारी सेवाका कर्मचारी, राजनीतिकर्मी तथा सबै

विषय/क्षेत्रगत व्यक्तिहरुलाई कानून बमोजिम कारबाही गरिने नीति लिइनेछ र यसरी गरिएको दण्ड सजाय सार्वजनिक हितमा उपयोग गरिनेछ । नेपालको संविधानको प्रावधान अनुरुप नागरिकको मौलिक हक प्रत्याभूत गर्ने प्रयत्न गरिनेछ ।

९५. सबै किसिमका विकास क्रियाकलापहरु दिगो विकास लक्ष्य प्राप्ति, उन्मुख र गुरुयोजना अनुरुप परिचालन हुने परिपाटीको थालनी हुनेछ ।

९६. नौमूले विषेश संरक्षित क्षेत्र कार्यान्वयनका लागि केन्द्र सरकार तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

९७. पराम्परागत लोक, कला, संस्कृती, नौमूले जात्रा (मेला), विभिन्न जातजातीका पर्वहरुको संरक्षण, प्रवर्द्धन र सम्वर्द्धन गरिनेछ ।

९८. गाउँपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई भूमि समस्या तथा समाधान आयोगको मापदण्ड बमोजिम निस्सा उपलब्ध गराउने कार्य गरिनेछ ।

९९. पालिकाभित्र बसाइसराई गरी आउनेलाई प्रोत्साहन गरिनेछ ।

यस नीति तथा कार्यक्रमलाई सुसज्जित रुपमा तयार पार्न सहयोग गर्नुहुने नौमूले गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्यहरु, पूर्व जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रमुख तथा पदाधिकारीहरु, नौमूले गाउँकार्यपालिका कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुख, अन्य शाखा प्रमूख तथा कर्मचारीहरु, सुरक्षा निकाय, नागरिक समाजका प्रमुख तथा प्रतिनिधि, विभिन्न संघ संस्थाहरु, सरोकारवाला निकाय र सम्पूर्ण नौमूलेबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

छविराम सुवेदी
अध्यक्ष
नौमूले गाउँपालिका, दैलेख